## मिति २०७८/०५/१६गते बुधबार ११० औं कार्यपालिका बैठक

**प्रस्तावहरुः**

१. विद्युत ट्रान्सफर्मर खरिदका लागि आवश्यक बजेट व्यवस्थापन सम्बन्धमा ।(वडा नं. ३मा डिप बोरिङका लागि)
२. आ.व. २०७७/७८मा संचालन भएका वार्षिक योजना तथा कार्यक्रमको अनुगमन प्रतिवेदन सम्बन्धमा ।
३. घोराही उपमहानगरपालिकाको नगर शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा ।
४. सामी परियोजना अन्तर्गत वित्तिय साक्षरता कक्षा संचालनका लागि वडा छनौट सम्बन्धमा ।
५. आ.व.२०७७/७८को वार्षिक प्रगति प्रतिवेदन र वार्षिक सार्वजनिक सुनुवाई प्रतिवेदन अनुमोदन सम्बन्धमा।
६. कार्यविधि तथा मापदण्ड पारित सम्बन्धमा ।
७. खानेपानी पाइप उपलब्ध गराउने सम्बन्धमा ।(ढोडेनी उपभोक्ता समिति वडा नं. १८)
८. करार सम्झौता सम्बन्धमा ।
९. आर्थिक सहयोग सम्बन्धमा ।(कुचिकार विन्दु गुरुङ)
१०. विद्यालय खोल्ने सम्बन्धमा ।
११. प्रोत्साहन रकम उपलब्ध गराउने सम्बन्धमा ।(प्रहरीलाई)
१२. अस्पताल भवनको नक्सा स्वीकृत राजश्व दस्तुर छुट सम्बन्धमा ।
१३. घोराही उपमहानगरपालिकाको नगरस्तरीय स्थानीय बालमैत्री समन्वय समितिको बैठकको निर्णय अनुमोदन सम्बन्धमा ।
१४. विषयगत समितिहरुको कार्य विवरण सम्बन्धमा ।
१५. लागत सहभागिता रकम फिर्ता सम्बन्धमा ।
१६. जग्गा उपलब्ध गराउने सम्बन्धमा ।
१७. साविक स्थानीय निकायका कर्मचारीहरुको उपदान सम्बन्धमा ।
१८. सरसफाई वातावरण तथा विपद् व्यवस्थापन समितिको निर्णय अनुमोदन सम्बन्धमा ।
१९. संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (विशेष अनुदान) रकम बाँडफाँड सम्बन्धमा ।
२०. डिजिटाइजेशनको म्याद थप सम्बन्धमा ।
२१. मेनेका जि.सी.को निवेदन सम्बन्धमा ।(पूर्व इलेक्ट्रीसियन विष्णुध्यव जि.सी.को पत्नी)
२२. विद्यालय लागत साझेदारी रकम भुक्तानी सम्बन्धमा ।
२३. खरको छानो विस्थापन कार्यक्रम सम्बन्धमा ।
२४. श्री आदित्यनाथ फाउण्डेशन तुल्सीपुर १७ दाङलाई आर्थिक सहयोग सम्बन्धमा ।
२५. स्वास्थ्य लाभको कामना सम्बन्धमा ।
२६. कार्यपालिका पूर्व बैठकका निर्णयहरुको समिक्षा सम्बन्धमा ।

**निर्णय नं. १**

घोराही उपमहानगरपालिका वडा नं. ३ बर्गदुवा सुनौलोटोलमा १२०० घरधुरी रहेको क्षेत्र भित्र १०० के.भी. को ट्रान्सफर्मरबाट विद्युत लाइन विस्तार भएको र सोही लाइनबाट ५ वटा डिप बोरिङ काठ मिल कुटानी पिसानी मिल पेट्रोल पम्प ग्रिल उद्योग आदी सञ्चालनमा रहेकोमा थप दुई वटा डिप बोरिङ निर्माण भई विद्युत भोल्टेजमा कमी आई खानेपानी तथा अन्य विद्युत सम्बन्धी कामकाजमा समस्या भएकोले नयाँ ट्रान्सफर्मर को व्यवस्था गरिदिनुहुन भनि बर्गदुवा खानेपानी तथा सरसफाई उपभोक्ता समितिको च.नं. ०४ मिति २०७८।०४।२४ गतेको प्राप्त पत्र तथा घोराही उपमहानगरपालिका वडा नं. ३ को च.नं. २०२ मिति २०७८।०४।२४ गतेको सिफारिस पत्र समेत प्राप्त भएकोले उक्त स्थानमा २५ के.भी.को नयाँ ट्रान्सफर्मर खरिदका लागि आवश्यक बजेटको व्यवस्था गर्ने ।

**निर्णय नं. २**

घोराही उपमहानगरपालिकाको आ.व. २०७७/०७८ को योजनाहरुको अनुगमन सम्बन्धमा अनुगमन समितिबाट पेश भएको सुझावहरु सहितको अनुगमन प्रतिवेदन कार्यपालिका समक्ष प्रस्तुत गरियो । अनुगमनका क्रममा देखिएका कमि कमजोरीहरुलाई सुधार गर्न प्रतिवेदनमा उल्लेखित सुझावहरुलाई कार्यान्वयन गर्दै आगामी दिनमा अनुगमन प्रणालीलाई थप प्रभावकारी बनाउने ।

**निर्णय नं. ३**

घोराही उपमहानगरपालिकाको नगर शिक्षा समितिको मिति २०७८।४।१५ गते र २०७८।०५।०८ गते बसेको बैठकका देहाय बमोजिमको निर्णय अनुमोदन गर्ने ।

**३.१** शैक्षिक सत्र २०७८देखि कक्षा ११/१२ को अनुमति कक्षा थप तथा विषय थप सम्बन्धमा विद्यालय अनुगमन उपसमितिको बैठकको सिफारिस अनुसार तपसिल बमोजिमको विद्यालयहरुलाई तपसिल बमोजिमको कक्षा तथा विषय थप गर्न अनुमति दिने ।

**तपसिलः**

| सि.नं. | विद्यालयको नाम | ठेगाना | कक्षा थप | विषय/संकाय |
|---|---|---|---|---|
| १ | नरदेवि मा वि तेघरा | घोराही ०९ | ११ | शिक्षा |
| २ | बराह क्षेत्र मा.वि. सेवार वनगाँउ | घोराही १३ | ११ | शिक्षा |
| ३ | बाल विकास मा.वि. घोराही | घोराही १४ | ११ | व्यवस्थापन |
| ४ | महेन्द्र मा.वि. धर्ना | घोराही ५ | १२ | शिक्षा |
| ५ | मा.वि. सौडियार | घोराही ७ | ११ | व्यवस्थापन |
| ६ | सिद्धरत्नाथ नमुना मा.वि. नारायणपुर | घोराही १० | ११ | विज्ञान संकाय (विषय थप) |
| ७ | हिन्दु बिद्यापिठ नेपाल स्कुल | घोराही १५ | ११ | व्यवस्थापन |
| ८ | मनकामना इंलिस सेकेन्डरी स्कुल | घोराही १७ | ११ | शिक्षा |
| ९ | रासी आवासीय मा.वि. घोराही | घोराही १८ | ११ | व्यवस्थापन |
| १० | ज्ञानसिन्धु मा.वि. घोराही | घोराही | ११ | कानुन विषय (विषय थप) |
| ११ | अल्फा मा. वि. घोराही | घोराही १५ | १२ | व्यवस्थापन |

| | | | | |
|---|---|---|---|---|
| १२ | गोदावरी ई.मिडियम स्कुल | घोराही १३ | १२ | व्यवस्थापन |

३.२ घोराही उपमहानगरपालिका शिक्षक व्यवस्थापन समिति एवं शिक्षकका पेशागत संगठन समेतको सिफारिस अनुसार तपसिल बमोजिमका विद्यालयका निम्न शिक्षकहरुलाई सरुवा तथा पदस्थापन गर्ने ।

तपसिलः

## पदस्थापन गर्ने शिक्षक र विद्यालय

| सि न | शिक्षकको नाम थर | तह | साविकको विद्यालय | पदस्थापन गर्ने विद्यालय | कैफियत |
|---|---|---|---|---|---|
| १ | लालमणि खड्का | नि मा तृतिय | मा वि हापुर विजौरी | नवोदय बाल कल्याण आ वि दक्षिण अम्राई | मा वि हापुर विजौरीबाट दरबन्दी कट भई दरबन्दी सहित पदस्थापन |
| २ | चेतनाथ गौतम | नि मा तृतिय | जनता मा वि नया बुका | अम्विकेश्वरी आ वि बेलघारी | जनता मा वि नयागाउ बुकाबाट दरबन्दी कट भई सहित पदस्थापन |
| ३ | यशोदा पोखरेल | नि मा तृतिय | महेन्द्र आ वि दलजितपुर | आ वि गिठेपानी | महेन्द्र आ वि दलजितपुर दरबन्दी कट भई दरबन्दी सहित पदस्थापना |
| ४ | गंगा राम वली | मा वि द्धितिय | नरदेवि मा वि तेघरा | बाल कल्याण मा वि खैरा | नरदेवि मा वि तेघराबाट दरबन्दी कट भई दरबन्दी सहित पद्स्थापना |
| ५ | गणेश प्रसाद रिजाल | मा वि द्धितिय | हापुर मा वि निघुवार | जयशेर मा वि रावतगाउ | हापुर मा वि निघुवारबाट दरबन्दी कट भई दरबन्दी सहित पद्स्थापना |
| ६ | विष्णु प्रसाद शर्मा | मा वि द्धितिय | मा वि हापुर विजौरी | मा वि झिगनी बङ्गाडी | मा वि हापुर विजौरी बाट दरबन्दी कट भई दरबन्दी सहित पद्स्थापना |
| ७ | विप्लव अधिकारी | मा वि द्धितिय | मा वि डाडागाउ गोग्ली | मा वि जजरागाउ | मा वि डाडागाउ गोग्लीबाट दरबन्दी कट भई दरबन्दी सहित पद्स्थापना |
| ८ | गीता शर्मा | मा वि तृतिय | मा वि डाडागाउ गोग्ली | जनजागृति मा वि लमडरुवा | मा वि डाडागाउ गोग्लीबाट दरबन्दी कट भई दरबन्दी सहित पद्स्थापना |
| ९ | दिपक दाहाल | मा वि तृतिय | मा वि हापुर रतनपुर | मा वि ढिकपुर | मा वि हापुर रतनपुरबाट दरबन्दी कट भई दरबन्दी सहित पद्स्थापना |
| १० | तिलबहादुर बुढा | मा वि तृतिय | महेन्द्र मा वि धर्ना | अन्तराष्टिय युवा बर्ष मा वि तोष | महेन्द्र मा वि धर्नाबाट दरबन्दी कट भई दरबन्दी सहित पद्स्थापना |
| ११ | शंकर सिह ठकुरी | मा वि तृतिय | मा वि रझेना | जनता मा वि नया बुका | मा वि रझेनाबाट दरबन्दी कट भई दरबन्दी सहित पद्स्थापना |
| १२ | श्रीधर पोखरेल | मा वि द्धितिय | सिद्धरत्ननाथ नमुना मा.वि. नारायणपुर | बाल विकास मा वि घोराही | सिद्धरत्ननाथ नमुना मा वि नारायणपुरबाट दरबन्दी कट भई दरबन्दी सहित पद्स्थापना |
| १३ | राजेन्द्र घिमिरे | मा वि तृतिय | गगा मा वि रामपुर | मा वि डाडागाउ गोग्ली | गगा मा वि रामपुरबाट दरबन्दी कट भई दरबन्दी सहित पद्स्थापना |

शिक्षक सरुवा एवं पदस्थापन विवरण

| क्र स | शिक्षकको नाम थर | तह/श्रेणी | कार्यरत विद्यालय | पदस्थापन हुने विद्यालय | कैफियत |
|---|---|---|---|---|---|
| १ | सरिता बस्नेत | प्रा वि तृतिय | बालकल्याण प्रा वि माराकोट | नरदेवि मा वि तेघरा | सुशिला अधिकारीको रिक्त दरबन्दीमा |
| २ | बालिका डागी | प्रा वि द्धितिय | बालकल्याण आ वि दक्षिण अम्राई | बालमन्दीर प्रा वि | मन्जु घिमिरेको रिक्त दरबन्दीमा |
| ३ | बसन्ता भण्डारी | प्रा वि तृतिय | नेपाल राष्टिय प्रा वि रज्जे | बालकल्याण आ वि दक्षिण अम्राई | बालिका डागीको रिक्त दरबन्दीमा |
| ४ | सिता डिसी | प्रा वि तृतिय | अम्बिका मा वि हर्नोक | मा वि सौडियार | सुशिला साहको रिक्त |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | दरबन्दीमा |
| ५ | शशिधर पाण्डे | प्रा वि तृतिय | राष्ट्रिय प्रा वि लिथान | अम्बिका मा वि हर्नोक | सिता डिसीको रिक्त दरबन्दीमा |
| ६ | कुम प्रकाश वली | प्रा वि तृतिय | भगवती मा वि सैघा होडवाङ | जनकल्याण प्रा वि धारापानी | बसन्तराज अधिकारीको रिक्त दरबन्दीमा |
| ७ | लालकुमारी पुन | प्रा वि तृतिय | अम्बिका मा वि हर्नोक | जयशेर मा वि रावतगाउ | विकास योगीको रिक्त दरबन्दीमा |
| ८ | भिमकुमरी भण्डारी | प्रा वि तृतिय | बराह क्षेत्र प्रा वि खानीगाउ | अम्विकेश्वरी आ वि वेलघारी | २०७८ पौष ९ मा सिता पौडेल अनिबार्य अवकास हुने पदमा |
| ९ | केशरवती थापा | प्रा वि तृतिय | प्रा वि रातामाटा सोरठी | बराहक्षेत्र मा वि सेवार वनगाउ | तारा गिरीको रिक्त दरबन्दीमा |
| १० | निमा कालाथोकी | प्रा वि तृतिय | प्रा वि कर्मकोट | बराह प्रा वि साहिपुर | २०७८ चैत्र १९ मा विष्णु प्रसाद रेग्मी अनिबार्य अवकास हुने पदमा |
| ११ | गिरीराज भण्डारी | प्रा वि तृतिय | आ वि चाक्लीघाट | रात्री प्रा वि सुर्केडागी | केशवराज पोखेलको रिक्त दरबन्दीमा |
| १२ | सिमा वली | प्रा वि तृतिय | नेपाल राष्टिय प्रा वि रज्जे | हापुर मा वि निघुवार | २०७८ कार्तिक ३० मा असोक कुमार न्यौपाने अनिबार्य अवकास हुने पदमा |
| १३ | देवा आचार्य | प्रा वि द्धितिय | भूमि आ वि बाम्ला | प्रा वि कर्जाही | २०७८ कार्तिक १० मा दिपा पछाई अनिबार्य अवकास हुने पदमा |
| १४ | खिम कुमारी पुन | प्रा वि राहत | भगवती मा वि सैघा होडवाङ | आ वि सवारीकोट | राहत सहित |
| १५ | रिक्त | प्रा वि | आ वि सवारीकोट | भगवती मा वि सैघा होडवाङ | धर्मबहादुर पुनको रिक्त दरबन्दी |
| १६ | तर्क बहादुर बस्नेत | प्रा वि तृतिय | मा वि रझेना | प प न मा वि भरतपुर | सरिता के सी करौतिडाडामा गएकोले दरबन्दी |
| १७ | सरिता के सी | प्रा वि राहत | प प मा वि भरतपुर | बाताबरणीय प्रा वि करौतिडाडाँ | बासुदेव सुवेदी मा वि रझेनामा गएकोले राहत सहित |
| १८ | बासुदेव सुवेदी | प्रा वि द्धितिय | बाताबरणिय प्रा वि करौतीडाँडा | मा वि रझेना | दरबन्दी सहित |
| १९ | शारदा ज्ञवाली | प्रा वि तृतिय | सुनाली प्रा वि दम्ती | मा वि रझेना | २०७८ पौष ११ मा बासुदेव सुवेदीको अनिवार्य अवकास भइ रिक्त हुने पदमा |
| २० | गुरुप्रसाद डि सी | प्रा वि तृतिय | भगवती मा वि सैघा होडवाङ | प्रा वि सानी अम्बापुर सर्रा | रिक्तमा |
| २१ | अशोक पौडेल | प्रा वि तृतिय | मा वि डाडागाउ गोग्ली | सिद्धरत्ननाथ मा वि नारायणपुर | दरबन्दी सहित |
| २२ | पवित्रा खनाल | प्रा वि तृतिय | अन्तराष्टिय युवा बर्ष मा वि तोष | मा वि डाडागाउ गोल्ली | दरबन्दी सहित |
| २३ | रिक्त | प्रा वि | सरस्वती मा वि काठेकोल | अन्तराष्टिय युवा बर्ष मा वि तोष | २०७८ पौष १५ निमा डि सि अनिवार्य अवकास भइ रिक्त हुने पद |
| २४ | टिकाराम जि सी | प्रा वि द्धितिय | राजा रज्वाली प्रा वि राम्चे | प्रा वि सेवार वगाले | २०७८ असोज २१ गते खड्क बहादुर पुन अनिवार्य |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | अवकास भइ रिक्त हुने पदमा |
| २५ | भिमराज नेपाली | प्रा वि द्धितिय | आ वि सवारीकोट | बाराहक्षेत्र मा वि सेवार वनगाउ | कुन्तला गिरीको अनिवार्य अवकास भइ रिक्त हुने दरबन्दीमा |
| २६ | शारदा घर्ति | प्रा वि तृतिय | भगवती मा वि सैघा होडवाङ | हापुर मा वि निघुवार | दरबन्दी सहित |
| २७ | जानका खड्का | प्रा वि तृतिय | आ वि चाक्लीघाट | आ वि सवारीकोट | भिमराज नेपालीको ठाउमा |
| २८ | डम्बर गौतम | प्रा वि राहत | अन्तरराष्टिय युवा बर्ष मा वि तोष | जयशेर मा वि रावतगाउ | आफ्नो राहत सहित२०७८ चैत्रमा वामा घिमिरेले छोडेपछि |
| २९ | रिक्त | प्रा वि दरबन्दी | जयशेर मा वि रावतगाउ | भगवती मा वि सैघा होडवाङ | २०७८ चैत्र वामा घिमिरे अनिवार्य अवकास भएपछि |
| ३० | विर बहादुर वली | प्रा वि राहत | आ वि सिमलतारा | प्रा वि कर्मटिया | आफ्नो राहत सहित |
| ३१ | विजय अधिकारी | नि मा वि तृतिय | गोरक्षरत्ननाथ मा वि चौघेरा | आ वि सुनपुर | दरबन्दी सहित |
| ३२ | शिवा शर्मा | प्रा वि तृतिय | महेन्द्र मा वि धर्ना | गोरक्षरत्ननाथ मा वि चौघेरा | दरबन्दी सहित |
| ३३ | जगविर चौधरी | प्रा वि द्धितिय | भगवती मा वि सैघा होडवाङ | महेन्द्र मा वि धर्ना | दरबन्दी सहित |
| ३४ | माधव पाण्डे | प्रा वि द्धितिय | रात्री प्रा वि सुर्केडागी | बराह प्रा वि साहिपुर | तुलसा सुवेदीको ठाउमा |
| ३५ | तुलसा सुवेदी | प्रा वि तृतिय | बराह प्रा वि साहिपुर | गगा मा वि रामपुर | नि मा वि कट बापत थप |
| ३६ | विकास पाण्डे | नि मा वि तृतिय | मा वि ढिकपुर | आ वि सिमलतारा | दरबन्दी सहित |
| ३७ | विर बहादुर डागीको दरबन्दी | नि मा वि तृतिय | सिद्धरत्ननाथ मा वि नारायणपुर | मा वि ढिकपुर | दरबन्दी सहित हाल उक्त दरबन्दीमा सटटामा शिक्षकमा कार्यरत अपसना शर्मा |
| ३८ | गिरीराज धिताल | प्रा वि तृतिय | आ वि सवारीकोट | मा वि ढिकपुर | आफ्नो दरबन्दी सहित नि मा वि कट बापत थप |
| ३९ | राजेश खत्री | नि मा वि तृतिय | मा वि ढिकपुर | आ वि सवारीकोट | दरबन्दी सहित |
| ४० | रमेश गौतम | नि मा वि द्धितिय | मा वि सौडियार | सरस्वती मा वि काठेकोल | दरबन्दी सहित |
| ४१ | हरिलाल चौधरी | नि मा वि राहत | जनजागृति मा वि लमडरुवा | जयशेर मा वि रावतगाउ | राहत सहित |
| ४२ | हुकुम बहादुर बुढाथोकी | नि मा वि तृतिय | जयशेर मा वि रावतगाउ | जनजागृति मा वि लमडरुवा | दरबन्दी सहित |
| ४३ | गुरुप्रसाद पौडेल | नि मा वि तृतिय | जनता मा वि नयागाउ बुका | आ वि चाक्लीघाट | दरबन्दी सहित |
| ४४ | मुमा भट्टराई | प्रा वि तृतिय | आ वि चाक्लीघाट | आ वि सिमलतारा | चन्द्रकला नेपालीको दरबन्दीमा |
| ४५ | चन्द्रकला नेपाली | प्रा वि तृतिय | आ वि सिमलतारा | रात्री प्रा वि सुर्केडागी | माधव पाण्डेको ठाउमा |
| ४६ | कृष्णा पौडेल | नि मा वि तृतिय | गगा मा वि रामपुर | मा वि झिगनी बञ्जाडी | दरबन्दी सहित |
| ४७ | श्रीकुमार पोखेल | नि मा वि तृतिय | मा वि झिगनी बञ्जाडी | आ वि भैसकुर्मा | दरबन्दी सहित |
| ४८ | सिता गैरे | प्रा वि तृतिय | प्रा वि श्रीचौर | गगा मा वि रामपुर | कमला भट्टराईको दरबन्दी रिक्त भएमा |
| ४९ | कमला देवकोटा | प्रा वि राहत | जनता प्रा वि काउलीचौर | रात्री प्रा वि शुक्रवार | आफ्नो राहत सहित |
| ५० | जिवन खनाल | प्रा वि द्धितिय | भूमि आ वि बाम्ला | जनता प्रा वि | दरबन्दी सहित |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | काउलीचौर | |
| ५१ | झग्गु पौडेल | नि मा वि द्धितिय | मा वि रझेना | मा वि बालविकास | दरबन्दी सहित |
| ५२ | सुशिला थापा | प्रा वि तृतिय | बराहक्षेत्र प्रा वि बसेरीखोला | मा वि रझेना | नि मा वि कट बापत थप |
| ५३ | रिक्त | प्रा वि दरबन्दी | आ वि चाक्लीघाट | बराह क्षेत्र प्रा वि बसेरीखोला | गिरीराज भण्डारीको दरबन्दी |
| ५४ | मिनराज शर्मा | नि मा वि द्धितिय | हापुर मा वि निघुवार | नेपाल राष्टिय आ वि दुन्द्रा | दरबन्दी सहित |
| ५५ | टुककुमारी रावत | नि मा वि तृतिय | महेन्द्र मा वि धर्ना | भूमि आ वि बाम्ला | दरबन्दी सहित |
| ५६ | धर्म बहादुर बुढाथोकी | प्रा वि तृतिय | भूमि आ वि बाम्ला | मा वि सौडियार | दरबन्दी सहित नि मा वि कट बापत थप |
| ५७ | केशवराज विष्ठ | प्रा वि तृतिय | भगवती मा वि सैघा होडवाङ | गगा मा वि रामपुर | २०७८ पौष २९ मा गिरीराज पाण्डे अनिबार्य अवकास हुने रिक्तमा |
| ५८ | चामु चौधरी | नि मा वि द्धितिय | हापुर मा वि रतनपुर | आ वि गुर्जे | दरबन्दी सहित |
| ५९ | यज्ञ बहादुर बस्नेत | प्रा वि राहत | मा वि रतनपुर | मा वि रतनपुरमा पदस्थापना | आफ्नो राहत सहित |
| ६० | हेमा बस्नेत | प्रा वि राहत | बालकल्याण मा वि खैरा | बालकल्याण मा वि खैरामा पदस्थापना | आफ्नो राहत सहित |
| ६१ | विश्वजित दास | प्रा वि राहत | सरयु आ वि भैसकुर्मा | मा वि धर्नामा पदस्थापना | आफ्नो राहत सहित |
| ६२ | ज्ञानबहादुर कार्की | प्रा वि द्धितिय | प्रा वि बालमन्दिर | काज | |
| ६३ | नारायण घिमिरे | नि मा वि राहत | आ वि सुनपुर | जनता मा वि नयागाउ बुका | आफ्नो राहत सहित |
| ६४ | पुष्कर कुमार पोखेल | नि मा वि तृतिय | जनता मा वि नया बुका | मा वि हापुर विजौरी | पारस्परिक सरुवा |
| ६५ | केशव पोखेल | नि मा वि तृतिय | मा वि हापुर विजौरी | जनता मा वि नयागाउ बुका | पारस्परिक सरुवा |
| ६६ | पृथ्वी चौधरी | प्रा वि द्धितिय | जनता प्रा वि डागीगाउ | प्रा वि कर्मीटिया | दरबन्दी सहित |
| ६७ | मानवहादुर कार्की | प्रा वि द्धितिय | प्रा वि कर्मीटिया | जनता प्रा वि डागीगाउ | दरबन्दी सहित |
| ६८ | केन्द्रिय अनुदान | नि मा | | अन्तराष्टिय युवा बर्ष मा वि तोष | |
| ६९ | केन्द्रिय अनुदान | नि मा | | मा वि ढिकपुर | |
| ७० | केन्द्रिय अनुदान | नि मा | | आ वि चाक्लीघाट | |
| ७१ | केन्द्रिय अनुदान | नि मा | | भूमि आ वि बाम्ला | |
| ७२ | केन्द्रिय अनुदान | नि मा | | महेन्द्र मा वि धर्ना | |
| ७३ | प. प. न. मा.वि. भरतपुरबाट नि. मा. वि. दरबन्दी ( शिक्षक सहित) अति आवश्यक भएको विद्यालयमा सरुवा पदस्थापना गर्ने । | | | | |

यस उपरान्त रिक्त हुने पदमा तपसिल बमोजिमका शिक्षकहरुलाई पदस्थापनको लागि सिफारिस गर्ने ।

| | | |
|---|---|---|
| १ | होती जि सी | सरस्वती प्रा वि मुसोटखोला |
| २ | लक्ष्मिमान चौधरी | आ वि सिमलतारा |
| ३ | खड्का प्रसाद लामिछाने | बालकल्याण प्रा वि खुमकोट |
| ४ | सरिता राना | बालहित प्रा वि पटिन्जा |
| ५ | सचिता पौडेल पोखेल | गगा मा वि रामपुर |
| ६ | एलिना बुढा | अन्तराष्टिय युवा बर्ष मा वि तोष |
| ७ | रत्ना वि क | प्रा वि श्रीचौर |
| ८ | सावित्रा घर्ति | अम्विका मा वि हर्नोक |
| ९ | धनकुमारी वि क | सल्लिकोट प्रा वि माले |

**निर्णय नं. ४**

घोराही उपमहानगरपालिकामा सञ्चालन भईरहेको सुरक्षित आप्रवासन परियोजना(सामी) अन्तर्गत वैदेशिक रोजगारीमा गएका व्यक्तिका परिवारका सदस्यहरुलाई आ.व. २०७८/०७९मा वित्तीय साक्षरता कक्षा सञ्चालनका लागि Pre Survey गर्न घोराही उपमहानगरपालिकाका वडा नं. २, ११, १४ र १९ गरी ४ वडा छनौट गर्ने ।

**निर्णय नं. ५**

घोराही उपमहानगरपालिकाको सूचना तथा सञ्चार प्रविधि शाखाबाट पेश भएको आ.व.२०७७/७८को वार्षिक प्रगति प्रतिवेदन र वार्षिक सार्वजनिक सुनुवाई प्रतिवेदन अनुमोदन गर्ने ।

**निर्णय नं. ६**

तपसिल बमोजिमका समिति/महाशाखा/शाखाबाट पेश भएका तपसिल बमोजिमका कार्यविधि/मापदण्ड/विधेयक स्वीकृत गर्ने ।

**तपसिलः**

| **सि.नं.** | **कार्यविधि/मापदण्ड/विधेयकको नाम** | **पेश गर्ने समिति/महाशाखा/शाखा** |
|---|---|---|
| १ | साविक स्थानीय निकायका कर्मचारीहरुको तहवृद्धि सम्बन्धी कार्यविधि २०७८ | सामान्य प्रशासन महाशाखा |
| २ | कर्मचारी अवकाश (उपदान सेवा) कार्यविधि २०७८ | सामान्य प्रशासन महाशाखा |
| ३ | सरसफाई कर्मचारी प्रोत्साहन सम्बन्धी मापदण्ड २०७८ | सरसफाई व्यवस्थापन शाखा |
| ४ | स्थानीय बजार व्यवस्थापन तथा अनुगमन विधेयक २०७८ | उपभोक्ता हित संरक्षण शाखा |

**निर्णय नं. ७**

घोराही उपमहानगरपालिका वडा नं. १८ उपल्लो ढोडेनी उपभोक्ता समितिको खानेपानीको मेन पाइप लाइन अखवरे र सुपौलाखुट्टीमा बाटो मर्मत गर्दा खानेपानी पाइपलाइनमा क्षती पुगी उक्त स्थानमा खानेपानी आपुर्तिमा समस्या भएको हुँदा उक्त खानेपानी पाइपलाइन मर्मतका लागि वडा नं. १८ को च.नं. ५८० मिति २०७८।०५।०९ को सिफारिस प्राप्त भएकोले उक्त खानेपानी योजनाको क्षति भएको पाइपलाइनको प्राविधिक मूल्याङ्कन गरी तत्काल मर्मत गर्ने ।

**निर्णय नं. ८**

घोराही उपमहानगरपालिकामा करार सेवामा कार्यरत प्रेस संयोजक श्री निम बहादुर घर्ती र कानूनी सल्लाहकार श्री भूप बहादुर के.सी. स्वीकृत दरबन्दीको परिधि भित्र रहेका इन्जिनियरिङ सेवातर्फका प्राविधिक कर्मचारी, नगर प्रहरी सरसफाई कर्मचारी र श्रेणी विहीन कर्मचारी, गरिबसँग विश्वश्वर कार्यक्रम कार्यक्रम अन्तर्गत कार्यरत कर्मचारी प्रधानमन्त्री रोजगार कार्यक्रम लघुउद्यम विकास कार्यक्रम सामाजिक सुरक्षा तथा घटना दर्ता सुदृढीकरण आयोजना अन्तर्गत एम.आई.एस अपरेटर फिल्ड सहायकहरुको को २०७८ साउन १ गतेदेखि लागू हुने गरी ६(छ) महिनाका लागि करार अवधि थप गर्ने र अन्य अप्राविधिक तर्फका दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीहरुको हकमा सम्बन्धित वडा समिति र नगरपालिकाको निर्णयानुसार स्वीकृत दरबन्दीको सीमा भित्र रही दैनिक ज्यालादारीमा कामकाज लगाउने ।

**निर्णय नं. ९**

घोराही उपमहानगरपालिकामा कुचिकार पदमा कार्यरत विन्दु गुरुङ सार्की कार्यालयको सरसफाईको काम गर्दा लडी चोटपटक लागेकोले आफ्नो उपचारमा भएको खर्च विल भर्पाई अनुसारको रकम आफ्नो आर्थिक अवस्था कमजोर भएकोले आर्थिक सहायताका लागि यस कार्यालयमा निवेदन दिनुभएकोले उहाँलाई आर्थिक सहायता स्वरुप रु.२५०००।– घोराही उपमहानगरपालिकाको अन्य सहायता शिर्षकबाट उपलब्ध गराउने ।

**निर्णय नं. १०**

घोराही उपमहानगरपालिका क्षेत्रभित्र हाल कोभिड संक्रमणको दर निकै कम रहेको तथा लामो समयसम्म विद्यार्थीको भौतिक उपस्थितिमा विद्यालयमा पठनपाठन बन्द रहँदा विद्यार्थीको चौतर्फी विकासमा बाधा पुग्नुका साथै यसबाट सिर्जित अन्य समस्या समेत देखा परेको तथा केही छिमेकी पालिकामा विद्यार्थीको भौतिक उपस्थितिमा नै विद्यालय सञ्चालन भई सकेकाले घोराही उपमहानगरपालिका अन्तर्गतका सम्पूर्ण विद्यालयहरु "कोभिड १९ संक्रमण जोखिम नियन्त्रणका लागि स्मार्ट लकडाउन सम्बन्धी कार्यविधि २०७८" को अनुसूची १ को क्रम संख्या ५ Minimal Lock Down अन्तर्गत स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्दै विद्यार्थीको भौतिक उपस्थितिमा शैक्षणिक कृयाकलाप संचालन गर्न सक्ने व्यवस्था भए बमोजिम अर्को व्यवस्था नभएसम्मका लागि कार्यविधिको अनुसूची १ क्रमसंख्या ५, Minimal Lock Down मा उल्लेखित शर्तहरुको पूर्ण पालना गर्दै घोराही उपमहानगरपालिका अन्तर्गत सम्पूर्ण विद्यालयहरु विद्यार्थीको भौतिक उपस्थितिमा नै संचालन गर्न DCMC दाङ्गमा अनुमति माग गर्ने ।

**निर्णय नं. ११**

घोराही उपमहानगरपालिका अन्तर्गत पर्ने विभिन्न खोलाहरुमा अवैध रुपमा नदिजन्य पदार्थ (बालुवा गिट्टी ढुङ्गा छर्री मिस्कट) उत्खनन् एवं ओसारपसारमा संलग्न टिप्पर ट्याक्टरहरुलाई नियन्त्रणमा लिई आवश्यक कार्वाहीका लागि पठाए वापत नियमानुसार पाउनेपर्ने प्रोत्साहन रकम उपलब्ध गराइदिनुहुन भनि जिल्ला प्रहरी कार्यालय कार्य शाखा घोराही दाङको च.नं. ५६० मिति २०७८।५।१५ गतेको पत्रबाट अनुरोध भएकोमा तपसिल बमोजिमका प्रहरी कार्यालय तथा मातहतका प्रहरी कार्यालयबाट खटिएका प्रहरीहरुलाई उठेको राजश्व रकमको २०% हुन आउने रकम घोराही उपमहानगरपालिकाको **अन्य फिर्ता** शिर्षकबाट उपलब्ध गराउने ।

तपसिलः

| क्र.सं. | मिति | पक्राउ गर्ने कार्यालय | सवारी साधनको नं. | सवारी साधनको प्रकार | नदीजन्य पदार्थको विवरण | भएको कारवाही | कै |
|---|---|---|---|---|---|---|---|
| १ | २०७७।०६।०६ | प्र.चौ. गोग्ली दाङ | रा १ त २०४१ | ट्याक्टर | छर्री | २०००० | |
| २ | २०७७।०६।१७ | प्र.प्र.पो. चौघेरा दाङ | लु १ त २३८२ | ट्याक्टर | ढुङ्गा | २०५२९ | |
| ३ | २०७७।०६।१७ | प्र.प्र.पो. चौघेरा दाङ | रा १ त ३९४४ | ट्याक्टर | खाली | २०००० | |
| ४ | २०७७।०६।२३ | जि.प्र.का. दाङ | लु ४ त १९८५ | ट्याक्टर | ढुङ्गा | २०५२९ | |
| ५ | २०७७।०६।२८ | अ.प्र.पो. सर्रा दाङ | रा १ त ८२१ | ट्याक्टर | ढुङ्गा | २०५३० | |
| ६ | २०७७।०६।२९ | अ.प्र.पो. सर्रा दाङ | ना ५ त ६६१२ | ट्याक्टर | ढुङ्गा | २०५३० | |
| ७ | २०७७।०६।३० | अ.प्र.पो. सर्रा दाङ | रा १ त ४७६ | ट्याक्टर | ढुङ्गा | २०५३० | |
| ८ | २०७७।०६।३१ | अ.प्र.पो. बसपार्क | रा १ त १९०५ | ट्याक्टर | ढुङ्गा | २०५३० | |
| ९ | २०७७।०७।२५ | जि.प्र.का. दाङ | लु ४ त १९८५ | ट्याक्टर | ढुङ्गा | २०२६५ | |
| १० | २०७७।०८।१७ | जि.प्र.का. दाङ | रा १ ख १२३९ | टिप्पर | ढुङ्गा | ५२११८ | |
| ११ | २०७७।११।११ | ई.प्र.का. नारायणपुर | रा १ त २९५३ | ट्याक्टर | ग्राभेल | २५७०५ | |
| १२ | २०७७।११।११ | ई.प्र.का. नारायणपुर | लु १ त ९७७६ | ट्याक्टर | ग्राभेल | २५७०५ | |
| १३ | २०७७।११।११ | ई.प्र.का. नारायणपुर | रा १ त ३२४७ | ट्याक्टर | ग्राभेल | २५७०५ | |
| १४ | २०७७।११।११ | ई.प्र.का. नारायणपुर | रा १ त १३३१ | ट्याक्टर | ग्राभेल | २५७०५ | |
| १५ | २०७८।१२।१३ | अ.प्र.पो. सर्रा दाङ | रा १ त ३८६९ | ट्याक्टर | बालुवा | २५७०५ | |
| १६ | २०७८।०२।०८ | ई.प्र.का. नारायणपुर | रा १ त ३१०१ | ट्याक्टर | बालुवा | २५७०५ | |
| १७ | २०७८।०२।०८ | ई.प्र.का. नारायणपुर | लु.अ.अ.फा.१८६ | ट्याक्टर | माटो | २०२६२ | |
| १८ | २०७८।०३।२१ | जि.प्र.का. दाङ | रा १ ख १७८६ | टिप्पर | ढुङ्गा | ५२८२४ | |
| १९ | २०७८।०३।२८ | जि.प्र.का. दाङ | रा १ त ४१८७ | ट्याक्टर | ढुङ्गा | २०७०६ | |
| २० | २०७८।०३।२८ | जि.प्र.का. दाङ | रा १ त २९५५ | ट्याक्टर | ढुङ्गा | २०७०६ | |
| २१ | २०७८।०३।२८ | जि.प्र.का. दाङ | भे २ त ७०६ | ट्याक्टर | ढुङ्गा | २०७०६ | |
| २२ | २०७८।०३।२८ | जि.प्र.का. दाङ | रा १ त १२९२ | ट्याक्टर | ढुङ्गा | २०७०६ | |
| २३ | २०७८।०३।२९ | जि.प्र.का. दाङ | लु ३ त ८६८३ | ट्याक्टर | ढुङ्गा | २०७०६ | |
| २४ | २०७८।०३।२९ | व.प्र.चौ. घोराही | रा १ त ४४५१ | ट्याक्टर | ढुङ्गा | २०७०६ | |
| २५ | २०७८।०३।२९ | व.प्र.चौ. घोराही | रा १ त ४२५२ | ट्याक्टर | ढुङ्गा | २०७०६ | |
| २६ | २०७८।०४।०७ | अ.प्र.पो. सर्रा दाङ | रा १ त ४४०३ | ट्याक्टर | ग्राभेल | २०७०६ | |
| २७ | २०७८।०४।०९ | प्र.चौ. रामपुर दाङ | रा १ त ७४३ | ट्याक्टर | बालुवा | २०७०६ | |
| २८ | २०७८।०४।१७ | अ.प्र.पो. कोठरी दाङ | रा १ त ४०९७ | ट्याक्टर | बालुवा | २०७०६ | |
| २९ | २०७८।०४।१९ | प्र.चौ. गोग्ली दाङ | रा १ त ४२४५ | ट्याक्टर | ढुङ्गा | २०७०६ | |
| ३० | २०७८।०४।२७ | अ.प्र.पो. चौघेरा दाङ | लु २ त २३८२ | ट्याक्टर | ढुङ्गा | २१०५८ | |
| ३१ | २०७८।०४।२१ | व.प्र.का. घोराही | रा १ त १४०० | ट्याक्टर | बालुवा | २०७०६ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | दाङ | | | | | |
| ३२ | २०७८।०४।३१ | अ.प्र.पो. सर्रा दाङ | रा १ त २७६३ | ट्याक्टर | बालुवा | २१०५९ | |
| ३३ | २०७८।०४।३१ | अ.प्र.पो. सर्रा दाङ | लु ४ त ८६१ | ट्याक्टर | बालुवा | २१०५९ | |
| ३४ | २०७८।०५।०३ | व.प्र.का. घोराही दाङ | भे २ त ७०६ | ट्याक्टर | ढुङ्गा | २१०५८ | |
| ३५ | २०७८।०५।०४ | जि.प्र.का. दाङ | रा १ त ३९९३ | ट्याक्टर | बालुवा | २१०५९ | |
| ३६ | २०७८।०५।१० | अ.प्र.पो. चौघेरा दाङ | रा १ त २७२६ | ट्याक्टर | छर्री | २०००० | |
| | | | | | **जम्मा** | ८,२६,६४२ | |

प्रोत्साहन स्वरुप फिर्ता पाउने रकम रु.८,२६,६४२।-(आठ लाख छब्बिस हजार छ सय बयालिस मात्र) को २०% ले हुन आउने रकम रु. १,६५,३००।-(एक लाख पैसठ्ठी हजार तिन सय मात्र) ।

**निर्णय नं. १२**

SANJEEVANI INSTITUTE of Advanced Studies and Teaching Hospital Pvt.Ltd.ले घोराही उपमहानगरपालिका वडा नं. ४ गोग्लीमा ५०० सैयाको अति विशिष्ट सेवा सहितको अस्पताल निर्माण गर्न लागेको र उक्त अस्पताल निर्माण हुँदा यस क्षेत्रका जनताले विशिष्ट सेवा सहितको सेवा पाउने भएकाले उक्त अस्पतालको भवन निर्माणको नक्सा स्वीकृतका लागि लाग्ने राजस्व दस्तुरमा छुट गरिदिनुहुन भनि निवेदन दिनुभएकोमा उक्त अस्पताललाई लाग्ने कुल राजस्व रकममा भुकम्प प्रतिरोधी भवन निर्माण गरे वापत २०% छुट गरी हुन आउने रकममा थप १० % छुट दिने ।

**निर्णय नं. १३**

घोराही उपमहानगरपालिकाको नगर स्तरीय बालमैत्री स्थानीय शासन समन्वय समितिको मिति २०७८।०५।०८ गते बसेको बैठकको देहाय बमोजिमका निर्णयहरु अनुमोदन गर्ने ।

**१३.१** बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ को परिच्छेद ४ को १० (ख) २ मा भएको व्यवस्था अनुसार बालमैत्री घोषणा प्रक्रियामा लैजान वडा (१, २, ३, ४, ८, ९, १०, ११, १२, १३, १४, १५, १६, १७, १८, १९) छनौट गर्ने।

**१३.२** घोराही उपमहानगरपालिकालाई बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्न वडा तथा नगरले बिभिन्न मितिमा बनाएको कार्ययोजना र विभिन्न विषयगत महाशाखा, शाखाले कार्यान्वयन गर्नु पर्ने कार्ययोजना पारित गर्ने।

**१३.३** घोराही उपमहानगरपालिका भित्रका बिद्यालय व्यवस्थापन समिति, स्वास्थ्य व्यवस्थापन समिति, नगर, वडा तथा टोल लगायत बालबालिकासँग सरोकार हुने समितिहरुमा अनिवार्य रुपमा बालक्लवको सिफारिसमा एक जना बालक एक जना बालिका गरि जम्मा दुई जना बालबालिका सहगागिता गराउने ।

**१३.४** बालमैत्री स्थानीय शासनको ४८ नं. सुचक अनुसार स्थानीय तहको प्रशासकीय कार्यालयमा स्तनपान कक्षको व्यवस्था गर्ने ।

**१३.५** नगरवासी तथा विभिन्न सरोकारवालाहरुले पालना गर्नुपर्ने बालमैत्री आचारसंहितालाई अनुमोदन तथा पारित गर्ने ।

**१३.६** घोराही उपमहानगरपालिकालाई बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्ने ।

**निर्णय नं. १४**

घोराही उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतबाट पेश भएको घोराही उपमहानगरपालिकाको कार्य सञ्चालनका लागि गठन भएका तपसिल बमोजिमका विभिन्न समितिहरुको कार्यविवरण पारित गर्ने ।

**तपसिलः**

- सार्वजनिक सेवा तथा क्षमता विकास समिति
- आर्थिक विकास समिति
- सामाजिक विकास समिति
- पूर्वाधार विकास समिति
- वातावरण तथा विपद व्यवस्थापन समिति
- विधेयक समिति

**निर्णय नं. १५**

घोराही उपमहानगरपालिकाका वडा नं. २ पलासे बस्ने छविलाल चौधरीले आ.व. ०७७/०७८ मा स्वीकृत कटैयामा डिप ट्युवेल निर्माण गर्न आयोजना परेको उक्त योजनाको लागत सहभागिता वापतको रकम तुल्सीपुर बृहत उपत्यका सिंचाई दाङको खातामा जम्मा गर्नुपर्नेमा भुलवस घोराही उपमहानगरपालिकाको राजश्व खातामा जम्मा हुन गएको हुँदा उक्त रकम फिर्ता गरिदिनुहुन भनि यस कार्यालयमा मिति २०७८।०५।१६ गते निवेदन दिनुभएको तथा २ नं. वडा कार्यालयको च.नं. ३४२ मिति २०७८।०५।१६ गतेको सिफारिस समेत प्राप्त भएकोले उक्त योजना पलासे र कटैया सिमानामा रहेको टियुवेल निर्माणका लागि (मिति २०७८।०३।१३ गतेको रसिद नं. ३८८८) जम्मा गरेको लागत सहभागिता वापतको रकम रु. १००००।– (दश हजार) राजश्व शाखाको सिफारिसमा अन्य फिर्ता शिर्षकबाट फिर्ता दिने ।

**निर्णय नं. १६**

घोराही उपमहानगरपालिका १५ नं. वडा कार्यालयको च.नं. १०६१, मिति २०७८।०५।१६ गतेको सिफारिस पत्र तथा मिति २०७८।०४।२९ गतेको वडा समितिको बैठकले घोराही १५ स्थित शहरी स्वास्थ्य केन्द्रको निर्माणाधिन भवनको उत्तर तर्फ रणसिंह गण गेटको पश्चिम तर्फ घोराही ८/क कि.नं. ३०० १६५ १०१ जग्गा मध्येबाट अन्दाजी ५ कट्ठा जग्गा रोटरी क्लब दाङलाई उपलब्ध गराउन सिफारिस भई आए बमोजिम उक्त जग्गा सरकारी जग्गा लिजमा उपलब्ध गराउने कार्यनिति २०७१ बमोजिम निशुल्क उपलब्ध गराउन सम्बन्धित निकायमा सिफारिस गर्ने ।

**निर्णय नं. १७**

कर्मचारी कल्याण कोषका सन्दर्भमा आ.व. २०७६।०७७ को मलेप प्रतिवेदनको दफा १४ मा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने भनि बेरुजु कायम गरेको अवस्थामा घोराही उपमहानगरपालिकामा लामो समयदेखि कार्यरत रही योगदान गरी आएका स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा २४८, २४९ र २५५ बमोजिम नियुक्ति भै स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २६४, २०६५, २६६, २६७ र २६८ बमोजिमको सेवा सुविधाको विषयमा कट्टीको प्रावधान नरहेको अवस्थालाई मध्यनजर गर्दै कर्मचारी समायोजन ऐन २०७५ भन्दा पूर्व स्थायी नियुक्ति भएका स्थानीय निकाय गाउँ विकास समिति नगरपालिका र जिल्ला विकास समिति तर्फका कर्मचारीहरुको दायित्व संस्थाले नै व्यहोर्ने ।

**निर्णय नं.  १८**

घोराही उपमहानगरपालिकाको सरसफाई वातावरण तथा विपद् व्यवस्थापन समितिको मिति २०७८।०४।१६ गते र मिति २०७८।०५।१५ गते बसेको बैठकका देहाय अनुसारका निर्णयहरु अनुमोदन गर्ने ।

१८.१ घोराही उपमहानगरपालिका वडा नं. १८ को च.नं. १३ मिति २०७८।०४।०३को प्राप्त सिफारिस-पत्र तथा प्रहरी मुचुल्का समेतका आधारमा यस उप-महानगरपालिका वडा नं.१८ खरकट्टीटोल  निवासी कल्पना थापाको कच्चीघर वर्षाले क्षति पुर्याएकाले उहाँलाई नगर स्तरिय विपद् व्यवस्थापन कोषबाट खर्च हुनेगरी रू.३००००।तीस हजार मात्र नगद  राहत उपलब्ध गराउने ।

१८.२ घोराही उपमहानगरपालिका वडा नं. २को  च.नं. ३८, मिति २०७८।०४।०४को प्राप्त सिफारिस-पत्र तथा प्रहरी मुचुल्का समेतका आधारमा यस उप-महानगरपालिका वडा नं. २ निवासी ऋषिराम थापाको कच्चीघर वर्षाले क्षति पुर्याएकाले उहाँलाई नगर स्तरिय विपद व्यवस्थापन कोषबाट खर्च हुनेगरी रू. ३००००।तीस हजार मात्र नगद  राहत उपलब्ध गराउने ।

१८.३ घोराही उपमहानगरपालिका वडा नं. ७ को च.नं.१२, मिति २०७८।०४।०४ को प्राप्त सिफारिस पत्र समेतका आधारमा वडा नं. ७ को राजपुर र पर्सा कुलाको बाँध वर्षाका कारण क्षेती भएकाले वाँध मर्मतका लागी सिंचाई डिभिजन कार्यालय तुल्सीपुर दाङमा सिफारिस गरि पठाउने ।

१८.४ घोराही उपमहानगरपालिका वडा नं. ११ को च.नं. ०५, मिति २०७८।०४।०३को प्राप्त सिफारिस-पत्र तथा प्रहरी मुचुल्का समेतका आधारमा यस उप-महानगरपालिका वडा नं. ११  निवासी दिपक भण्डारीको आमा नन्दी कुमारी भण्डारीको मिति २०७८।०३।१२ मा हापुर वगाले खोलामा आएको वाढीले वगाएकाले उहाँको परीवारलाई नगर स्तरिय विपद व्यवस्थापन कोषबाट खर्च हुनेगरी रू. २५०००। –पच्चीसहजार मात्र_ नगद राहत उपलब्ध गराउने ।

१८.५ घोराही उपमहानगरपालिका वडा नं. १९ को च.नं. १५३०, मिति २०७८।०३।३०को प्राप्त सिफारिस-पत्र तथा प्रहरी मुचुल्का समेतका आधारमा यस उप-महानगरपालिका वडा नं.१९ कोइलाखानी टोल निवासी डम्बर वहादुर विश्वकर्माको कच्चीघर वर्षाले क्षति पुर्याएकाले उहाँलाई नगर स्तरिय विपद व्यवस्थापन कोषबाट खर्च हुनेगरी रू.३००००।–तीस हजार मात्र_ नगद  राहत उपलब्ध गराउने ।

१८.६ घोराही उपमहानगरपालिका वडा नं. ९ को च.नं. १६९, मिति २०७८।०४।१५ गतेको प्राप्त सिफारिस-पत्र तथा प्रहरी मुचुल्का समेतका आधारमा यस उप-महानगरपालिका वडा नं.९ अस्परीटोल  निवासी बिर वहादुर चौधरीको कच्चीघर वर्षाले क्षति पुर्याएकाले उहाँलाई नगर स्तरिय विपद व्यवस्थापन कोषबाट खर्च हुनेगरी रू. ३००००।–तीस हजार मात्र_ नगद  राहत उपलब्ध गराउने ।

१८.७ घोराही उपमहानगरपालिका वडा नं. ११को च.नं. १२४, मिति २०७८।०४।१३ गतेको प्राप्त सिफारिस-पत्र तथा प्रहरी मुचुल्का समेतका आधारमा यस उप-महानगरपालिका वडा नं.११ शिवपुरटोल  निवासी भिम वहादुर चौधरीको कच्चीघर वर्षाले क्षति पुर्याएकाले उहाँलाई नगर स्तरिय विपद व्यवस्थापन कोषबाट खर्च हुनेगरी रू. ३००००।–तीस हजार मात्र_ नगद राहत उपलब्ध गराउने ।

१८.८ घोराही उपमहानगरपालिका वडा नं. १ को च.नं. १९८१, मिति २०७८।०२।१९ गतेको प्राप्त सिफारिस-पत्र तथा प्रहरी मुचुल्का समेतका आधारमा यस उप-महानगरपालिका वडा नं.१ काँडाखुटि टोल निवासी देव वहादुर रानाको कच्चीघर वर्षाले क्षति पुर्याएकाले उहाँलाई नगर स्तरिय विपद ब्यवस्थापन कोषबाट खर्च हुनेगरी रू. ३००००। -तीस हजार मात्र_ नगद राहत उपलब्ध गराउने ।

१८.९ घोराही उपमहानगरपालिका वडा नं. १ को च.नं. २०६३, मिति २०७८।०३।२४ गतेको प्राप्त सिफारिस-पत्र आधारमा यस उप-महानगरपालिका वडा नं.१ वाहुनटारीटोल निवासी डम्बर वहादुर महराको खेतियोग्य जग्गा वर्षाले चेपेतालमा भरिएको पानीले क्षति पुर्याएकाले उहाँलाई नगर स्तरिय विपद ब्यवस्थापन कोषबाट खर्च हुनेगरी रू. ५०००।-पाँच हजार मात्र_ नगद राहत उपलब्ध गराउने ।

१८.१० घोराही उपमहानगरपालिका वडा नं. १ को च.नं. २०७८, मिति २०७८।०३।२७को प्राप्त सिफारिस-पत्र तथा प्रहरी मुचुल्का समेतका अधारमा यस उप-महानगरपालिका वडा नं.१ सुकाखोला निवासी मिन वहादुर गिरीको घरको छाना छाउनका लागी खरको छानो विस्थापन कार्यक्रमबाट रु.५००००।– (पचास हजार मात्र) उपलब्ध गराउने ।

१८.११ घोराही उपमहानगरपालिका वडा नं. १० को च.नं. ५०२४, मिति २०७८।०३।१४को प्राप्त सिफारिस-पत्र तथा प्रहरी मुचुल्का समेतका अधारमा यसै उप-महानगरपालिका वडा नं.१० डावरटोल भमइसोतामा आएको बाढिको कारण दुइवटा कल्भर्टमा क्षति पुर्याएकाले मर्मतका लागी रु.१०००००।-एकलाख मात्र_ विपद् व्यवस्थापन कोषबाट उपलब्ध गराउने ।

१८.१५ २०७८ साल असोज २ (सेप्टेम्बर महिनाको तेस्रो शनिबार) गतेका दिन परेको विश्व सरसफाई दिवस विभिन्न क्रियाकलाप गरी मनाउन १९ वटै वडामा रहेका टोल बिकास संस्था, युवा क्लब, बाल क्लव, विद्यालयहरुलाई जानकारी गराउने ।

१८.१६ घोराही उपमहानगरपालिका अन्तर्गत सरसफाई व्यवस्थापन शाखाबाट नगल्ने प्लाष्टिकजन्य फोहर खरिद गर्ने कार्यक्रमका लागि टोल विकास संस्थाहरुमा गई सुचना प्रवाह गर्न, जनचेतना अधिबृद्धि गरी समाजलाई जागरुक गराउनका लागि सो कार्यक्रम अन्तर्गतबाट ५ जना स्वंयमसेवकहरु परिचालन गर्ने ।

१८.१७ घोराही उपमहानगरपालिका वडा नं. २ अन्तर्गत जिम्दारतरा गौशाला व्यवस्थापन समितिले, नगर क्षेत्रमा छरिएका सामुदायिक पशु चौपाया व्यवस्थापनमा काम गर्ने गाई हेरालुहरुलाई बस्नका लागि २ कोठा भएको भवन निर्माण साथै यस कार्यालयको गेटको अगाडी रहेको कान्जीहाउसलाई व्यवस्थित गर्ने ।

१८.१८ घोराही उपमहानगरपालिका कार्यालयको प्रत्यक्ष निगरानीमा ल्यान्डफिल साइडमा नगल्ने फोहर फाल्ने व्यक्ति वा संस्थाहरुलाई तोकिएको मापदण्ड पुरा गरी सरसफाई व्यवस्थापन शाखासंग समन्वय गरी व्यवस्थापन गर्न प्रक्रिया अगाडि बढाउने ।

१८.१९ घोराही उपमहानगरपालिका वडा नं. १६ करौतीडाँडामा रहेको ल्याण्डफिल्डसाइडको क्षेत्र भित्र रहेको घाँस फलफुल र विभिन्न टोल वस्तीबाट उठाएको नगल्ने कवाडजन्य फोहर बिक्रिका लागि आ.व. २०७८/०७९ लागि व्यक्ति, संघसंस्था वा निजि क्षेत्रलाई कम्तिमा वार्षिक रु.१०००००(एक लाख मात्र) नघट्ने गरी भाडामा प्रयोग गर्न दिन सार्वजनिक सूचना बोलपत्र आवहान गर्ने ।

१८.२० घोराही उपमहानगरपालिका वडा नं. १६ करौतीडाँडामा ल्यान्डफिल साइड चौकीदार श्री बीर बहादुर डाँगी १ जना, उपमहानगरपालिका वडा नं. २ जिम्दारतरा गौशालामा काम गर्ने श्री राम बहादुर वली, श्री गजेन्द्र बहादुर पुन, श्री भक्त बहादुर बि.क. समेत गरी ३ जना गाई हेरालु र सरसफाई व्यवस्थापन शाखामा काम गर्ने श्री पवन चौधरीलाई समेत गरी ४ जनालाई दैनिक ज्यालादारी र यस कार्यालयमा काम गर्ने श्री राजु चौधरी १ जनालाई हेल्परको रुपमा करार सेवामा नियुक्ति गर्ने ।

१८.२१ घोराही उपमहानगरपालिका अन्तर्गत सरसफाई व्यवस्थापन शाखाबाट सिसाजन्य फोहरको व्यवस्थापनका लागि हप्ताको १ दिन बिहिबारका दिन निशुल्क उठाइदिने र अन्य दिन कुनै व्यक्ति वा संघ संस्थालाई सिसा व्यवस्थापनका लागि आवश्यक परेको खण्डमा यस कार्यालयको नियमानुसार शुल्क राजस्व बुझाएमा व्यवस्थापन गर्ने ।

१८.२२ घोराही उपमहानगरपालिका छरिएर रहेका कवाड व्यवसायीहरुलाई एकीकृत गरी दिगो व्यवस्थापन गर्न वडा नं. १६ अन्तर्गत ल्यान्डफिल साइड करौतीडाँडामा तत्काल व्यवस्थापन गर्ने ।

१८.२३ घोराही उपमहानगरपालिका अन्तर्गत सरसफाई व्यवस्थापन शाखाबाट कार्य सम्पादन गर्न जनशक्ति अभाव भएको हुदाँ १ जना जे.सी.वी अपरेटर र ३ जना सरसफाई हेल्पर गरी जम्मा ४ जनाको नियुक्त गर्ने ।

१८.२४ घोराही उप-महानगरपालिकाको टोल विकास संस्था सञ्चालन कार्यविधि, २०७४ मा व्यवस्था भए बमोजिम टोल विकास संस्था गठन गरी यस नगर कार्यपालिकाको कार्यालयको १ देखि १९ वडा अन्तर्गत दर्ता भएका, टोलको समग्र बिकासमा क्रियाशिल टोल बिकास संस्था मध्येबाट घोराही उपमहानगरपालिकाको नीति तथा कार्यक्रम अनुसार उत्कृट हुने टोल बिकास संस्थालाई प्रोत्साहन एंव पुरस्कार प्रदान गर्ने प्रयोजनका लागि तपशिल अनुसार तोकिएका सुचकहरु पुरा गरेको टोल बिकास संस्थालाई २०७८ साल माघ १५ गते स्थापना दिवसका अवसरमा तपसिल बमोजिमका सुचकहरुको आधारमा छनौट गर्ने ।

| क्र.स | सुचकहरु | अंकभार | पुरा गरेको | पुरा नगरेको | कैफियत |
|---|---|---|---|---|---|
| १ | टोल बिकास संस्थाको मासिक बैठक, नियमित सरसफाई, वार्षिक साधारण सभा, प्रत्येक ३ वर्षमा कार्यसमितिको पुर्नगठन भएको | २५ | | | |
| २ | पुर्ण सरसफाई सम्बन्धी सबै सुचक पुरा गरी पुर्ण सरसफाई युक्त टोल | २५ | | | |
| ३ | विभिन्न निकायहरुबाट प्रवाह हुने सेवा तथा सुविधामा टोलवासीको पहुंच अभिबृदी गरेको | ५ | | | |
| ४ | टोलवासीहरुमा उद्यमशिलताको विकास र लघु उद्यमको सिर्जना गरेको | ५ | | | |
| ५ | टोलमा आपसी सद्भाव, समझदारी, समन्वय र मेलमिलाप कायम गराएको | ५ | | | |
| ६ | टोलवासीलाई आर्थिक र सामाजिक निर्णय प्रक्रियामा सामान रुपले सरिक गराइएको, | ५ | | | |
| ७ | टोलको सामाजिक कार्यमा पारदर्शिता र सुशासनलाई बढवा दिएको | ५ | | | |
| ८ | विभिन्न निकायहरुबाट टोलमा संञ्चालन हुने विकास कार्यमा सहयोग गरेको | ५ | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | टोलवासी सबैलाई सहभागितात्कम योजना तर्जुमा, अनुगमन, एवं मुल्याङकन प्रक्रियामा सक्रिय सहभागी गराएको | ५ | | | | |
| १० | गरिबीको मापदण्ड बनाई टोलका सदस्यहरुलाई बर्गीकरण गर्नको साथै अभिलेख राखेको | ५ | | | | |
| ११ | बातावरण मैत्री र बालमैत्री नगर निर्माण अभियानमा सहयोग गरेको | ५ | | | | |
| १२ | बिरुवाको उचित संरक्षण गरी गाँउ, नगरको हरियाली प्रबर्धनमा टेवा पुऱ्याएको | ५ | | | | |

**निर्णय नं. १९**

आ.व. २०७८/०७९ का लागि संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (विशेष अनुदान) अन्तर्गत शिक्षा तर्फ प्राप्त रकम रु. १९९,००,०००।– लाई तपसिल अनुसार बाँडबाड गर्ने ।

**तपसिल**

| सि.नं. | योजनाको नाम | बाँडफाँड भएको रकम |
|---|---|---|
| १ | सिमलतारा विद्यालय भवन निर्माण | ६६,३३,०००।- |
| २ | बाल विकास मा.वि. भवन निर्माण | ६६,३३,०००।- |
| ३ | गोरक्ष रत्ननाथ मा.वि. भवन निर्माण | ६६,३४,०००।- |

**निर्णय नं. २०**

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागद्धारा सञ्चालित सामाजिक सुरक्षा तथा व्यक्तिगत घटनादर्ता प्रणाली सुदृढीकरण आयोजना अन्तर्गत सञ्चालित यस उपमहानगरपालिकामा रहेका व्यक्तिगत घटनादर्ता किताबलाई डिजिटाइजेशन गर्न घोराही उपमहानगरपालिका  र सेवा प्रदायक कम्पनी हेडलाइट नेपाल काठमाण्डौ विच सम्झौता भए बमोजिम सेवा प्रदायकले आ.व. २०७७/०७८को असार मसान्तसम्ममा डिजिटाइजेशनको कार्य सम्पन्न गर्नुपर्नेमा विश्वव्यापी फैलिएको कोभिड १९ महामारीको कारण काममा बाधा पर्न गई समयमा काम सम्पन्न हुन नसकेकोले सेवा प्रदायकबाट मिति २०७८ मंसिर मसान्तसम्म म्याद थपका लागि अनुरोध भई आएको र डिजिटाइजेशनको कार्य समेत अन्तिम चरणमा पुगेको देखिएकोले २०७८ मंसिर मसान्तसम्म डिजिटाइजेशनको समयावधी थप गर्ने ।

**निर्णय नं. २१**

यस घोराही उपमहानगरपालिकाका इलेक्ट्रिसियन विष्णुध्वज जि.सी. कार्यरत अवस्थामा मिति २०७८।१।१९ गते मृत्यू भएको र उहाँको परिवारको आर्थिक अवस्था कमजोर भई परिवारको लालनपालनमा समेत समस्या भएकोले उहाँको श्रीमती मेनका जि.सी.लाई उहाँको योग्यता र क्षमता अनुसार सहयोग स्वरुप रोजगारीको व्यवस्था गरिदिनुहुन भनि १४ नं. वडा कार्यालयको च.नं. ३६५, मिति २०७८।५।८ गतेको सिफारिस भई आएको हुँदा उहाँलाई (मेनका जि.सी.) लाई सरसफाई व्यवस्थापनको काममा लगाउने ।

**निर्णय नं. २२**

२२.१ प्रदेश सरकार लुम्बिनी प्रदेश शिक्षा तथा सामाजिक विकास निर्देशनालयको मिति २०७७।०९।१९ को सूचना बमोजिम आ.व. २०७७/०७८ मा विद्यालयमा भौतिक निर्माण कार्यक्रम अन्तर्गत बालविकास मा.वि. नयाँबजारलाई शौचालय निर्माणका लागि ६ ,५४,०००।– विनियोजन भएको हुँदा सो योजनाको सम्झौताका लागि विद्यालयलाई प्राप्त बजेटमा १५% (रु.९८.१००।-) लागत सहभागिता वापत हुन आउने रकम घोराही उपमहानगरपालिकाले व्यहोर्ने भनि मिति २०७७।०९।२८ गते कार्यपालिकाको ९६औं बैठकको निर्णय अनुसार रु. ९८,१००।- विद्यालयलाई भुक्तानी दिने ।

२२.२ प्रदेश सरकार लुम्बिनी प्रदेश शिक्षा तथा सामाजिक विकास निर्देशनालयको मिति २०७७।०९।१९ को सूचना बमोजिम आ.व. २०७७/०७८ मा विद्यालयमा भौतिक निर्माण कार्यक्रम अन्तर्गत मा.वि. गंगा माध्यामिक विद्यालय रामपुरलाई २ कोठे भवन निर्माणका लागि २०,००,०००।- विनियोजन भएको हुँदा सो योजनाको सम्झौताका लागि विद्यालयलाई प्राप्त बजेटमा १५% (रु.३,००,०००।-) लागत सहभागिता वापत हुन आउने रकम घोराही उपमहानगरपालिकाले व्यहोर्ने भनि मिति २०७७।०९।२८ गते कार्यपालिकाको ९६औं बैठकको निर्णय अनुसार रु.३,००,०००।– विद्यालयलाई भुक्तानी दिने ।

**निर्णय नं. २३**

घोराही उपमहानगरपालिका र सबै वडा कार्यालयहरुबाट विगत आ.व.देखि नै प्राथमिकता साथ कार्यान्वयन गरिदै आएको खरको छानो विस्थापन कार्यक्रमलाई चालु आ.व. ०७८/०७९ मा सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि २०७५ अनुसार कार्यान्वय गर्ने ।

**निर्णय नं. २४**

श्री योगी आदित्यनाथ फाउण्डेशन तुल्सीपुर १७ दाङको प.सं. १(०७८/०७९), च.नं. १, मिति २०७८।४।१४ गतेको प्राप्त पत्रअनुसार उक्त फाउण्डेसनले गो(गाई) रक्षाको लागि ने.सं.वि. केन्द्रीय कार्यालयको स्वामित्वमा रहेको करिव ४५ विगाहा जमिन लिजमा लिई उक्त जग्गामा सामुदायिक गाई ओत दिनका लागि एउटा ४० फिट लम्बाई र १९ फिट चौडाईको ट्रष्ट(गोठ) निर्माण गर्नुपर्ने भएकोले उक्त ट्रष्ट(गोठ) निर्माणका लागि आर्थिक सहयोग गरिदिनुहुन भनि अनुरोध भएकोले श्री योगी आदित्यनाथ फाउन्ण्डेशन तुल्सीपुर १७ दाङलाई ट्रष्ट(गोठ) निर्माणका लागि रु. ५,००,०००।– (पाँच लाख मात्र) घोराही उपमहानगरपालिकाको धार्मिक संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने ।

**निर्णय नं. २५**

घोराही उपमहानगरपालिकाका उपप्रमुख श्री सीता सिग्देल न्यौपानेज्यूको खुट्टामा चोट लागि घाइते हुनु भएकोमा उहाँको शिघ्र स्वास्थ्य लाभको कामना गर्ने ।

**निर्णय नं. २६**

घोराही उपमहानगरपालिका नगरकार्यपालिकाको विगतमा बसेका बैठकले गरेका निर्णय कार्यान्वयनको अवस्थाबारे समिक्षा गरियो । निर्णय कार्यान्वयनको अवस्था पूर्वरुपमा सन्तोषजनक रहेकोले आगामी दिनमा समेत निर्णय कार्यान्वयनलाई थप प्रभावकारी बनाउने ।